# नेपाल फाईनान्स लिमिटेड
# Nepal Finance Limited

"नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्रप्राप्त संस्था"

Head Office: Kamaladi, Kathmandu, Nepal, Tel: 01-4545885,4545886,
Email: info@nepalfinancelimited.com.np, Website: www.nepalfinancelimited.com.np

## २८ औं बार्षिक साधारण सभा सम्बन्धी सूचना

दोश्रो पटक प्रकाशित मिति २०७८/०५/२०

**आदरणीय श्री शेयरधनी महानुभावहरु**

यस वित्तीय संस्थाको मिति २०७८/०४/२९ गते बसेको सञ्चालक समितिको ३४५ औं बैठकको निर्णयानुसार यस वित्तीय संस्थाको अट्ठाइसौं बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न बिषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएकोले शेयरधनी महानुभावहरुको उपस्थितिको लागि अनुरोध गर्दछु ।

**सभा हुने स्थान, मिति र समय**

**सभा हुने मिति** : २०७८ साल भाद्र २६ गते (तदनुसार ११ सेप्टेम्बर २०२१ ) शनिबार ।

**स्थान** : होटल एल्लो प्यागोडा, कान्तिपथ, काठमाण्डौ (शशिकला हल) एवम् Webinar मार्फत समेत संचालन गरिने ।

**सभा शुरु हुने समय** : बिहान ११:०० बजे ।

### छलफलका विषयहरुः

**क) साधारण प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने समग्र बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखा परिक्षण प्रतिवेदन सहितको आ.ब.०७६/७७ को वासलात, २०७६/०४/०१ देखि २०७७/०३/३१ सम्मको नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण (संलग्न अनुसूचीहरु सहित) को छलफल गरी पारित गर्ने ।

३. साविक ललितपुर फाईनान्स लिमिटेडको आ. ब. २०७५/०७६ र २०७६/०७७ को लेखापरिक्षण गर्न लेखा परिक्षण समितिको सिफारिस अनुसार संचालक समितिको निर्णय पश्चात् कम्पनी रजिष्ट्रारको कार्यालयको क्रमश: मिति २०७७/०३/१७ र २०७७/११/०२ पत्रानुसार श्री सन्जय चौधरी एण्ड एसोसियट्स (सि ए सन्जय चौधरी) नियुक्ति भएकोमा सो लाई अनुमोदन गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. साविक ललितपुर फाईनान्स लिमिटेडको आ. ब. २०७४/०७५, २०७५/०७६, २०७६/०७७, को लेखापरिक्षण प्रतिवेदन सहितको उल्लेखित आर्थिक बर्षहरुको वासलात, नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण (संलग्न अनुसूचीहरु सहित) को छलफल गरी पारित गर्ने ।

५. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. ०७७/७८ को लेखापरिक्षण गर्न लेखापरिक्षण समितिको सिफारिस अनुसार लेखापरिक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (बहालवाला लेखापरिक्षक श्री एम. खनाल एण्ड कम्पनी (एफ सि ए महेश खनाल) पुनः नियुक्तिको लागि योग्य हुनुहुन्छ ।)

६. साविक ललितपुर फाईनान्स लिमिटेडको कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. ०७७/७८ को लेखापरिक्षण गर्न लेखापरिक्षण समितिको सिफारिस अनुसार लेखापरिक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :**

१. संस्थाको २०७७ असोज १० गते सम्पन्न २०-२७ औं बार्षिक साधारण सभाको निर्णयानुसार १:१.७५ का दरले हकप्रद शेयर जारी गरी पूँजी बृद्धिगर्ने प्रस्ताव पारित भएकोमा सोहि साधारण सभाको निर्णयानुसार अन्य बैंक तथा वित्तीय संस्थासँग गाभ्ने,गाभिने तथा प्राप्ति गर्ने सम्बन्धमा दिइएको अख्तियार अनुसार संस्था प्राप्ति गर्ने कार्य बमोजिम ललितपुर फाइनान्स लि.लाई प्राप्ति गरिसकिएको र सो पश्चात् चुक्ता पूजीं रु. ४९,३४,९६,३२५/-(अक्षरेपी उन्नाचास करोड चौतिस लाख छ्यानब्बे हजार तिन सय पचिस मात्र) कायम हुन आएकोमा साविकको १:१.७५ का दरले हकप्रद शेयर जारी निर्णयलाई परिमार्जन गरी ललितपुर फाइनान्स लिमिटेड प्राप्ति पश्चात कायम भएको चुक्ता पूँजी ४९,३४,९६,३२५/-(अक्षरेपी उन्नाचास करोड चौतिस लाख छ्यानब्बे हजार तिन सय पचिस मात्र) बाट बृद्धि गरी रु. ८३,८९,४३,७५२.५०(अक्षरेपी त्रियासी करोड उनानब्बे लाख त्रिचालीस हजार सात सय बाउन्न रुपैया, पचास पैसा मात्र) पुऱ्याउन १:०.७० (एक कित्ता बराबर सुन्ना दशमलब सत्तरी कित्ता) को अनुपातमा हकप्रद शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने ।

२. संस्थाको हकप्रद शेयर जारी गरे पश्चात प्रबन्धपत्र, नियमावलीमा कुनै संशोधन गर्नुपरेमा आवश्यकता अनुसार संसोधन गर्ने एवम् नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा शेयर सूचिकृत गर्ने सम्बन्धमा कुनै निर्देशन भएमा सोही बमोजिम आवश्यक संसोधन/परिमार्जन लगाएत कार्यहरुको लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

३. संस्थाले अन्य बैंक तथा वित्तीय संस्थालाई गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने प्रक्रिया अगाडी बढाउनका लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

४. संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मुल्याङ्कन (Due Diligence Audit DDA) गर्न मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा संस्था गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, हस्ताक्षर गर्ने, अन्तिम सम्झौता तयार पार्ने, हस्ताक्षर गर्ने लगाएतका गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

५. विविध ।

**पुनश्चः** (क) शेयरधनी महानुभावहरुले कम्पनीको केन्द्रीय कार्यालय कमलादी, काठमाण्डौंमा उपस्थित भई बार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु निरिक्षण गर्न र प्राप्तगर्न सक्ने व्यहोरा समेत जानकारीका लागि सूचित गरिन्छ । बार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु संस्थाको website : www.nepalfinancelimited.com.np मा पनि हेर्न सक्नुहुनेछ ।

(ख) कोभिड-१९ को कारणले सृजना हुनसक्ने सम्भावित असर तथा जोखिमलाई मध्यनजर गरी नेपाल सरकारले पालना गर्नुपर्ने भनी तोकिएका सम्पूर्ण सुरक्षात्मक उपायहरु अवलम्बन गरी बार्षिक साधारण सभा सन्चालन गर्ने प्रबन्ध मिलाईएको छ । साथै शेयरधनी महानुभावहरुले संस्थाको यस बार्षिक साधारण सभामा Webinar मार्फत भाग लिन साधारणसभा हुने समय भन्दा २४ घण्टा अगाडी मोवाईल नं. ९८५१३१२१६८ मा सम्पर्क गरी Meeting ID र Password लिई सहभागीता जनाउनु हुन अनुरोध गरिन्छ ।

सञ्चालक समितिको आज्ञाले

**कम्पनी सचिव**

3X29